नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचविखन अनुसन्धान ब्यूरो

(मिडिया डेस्क)

बबरमहल, काठमाण्डौ

मिति: २०७६।०७।२६ गते

**बिषय:- "अमेरिका लैजाने भनी अफ्रीकाको मलावी भन्ने ठाउमा लगी बन्धक बनाई मानव वेचबिखन तथा ओसारपसार गर्ने व्यक्तिहरू पक्राउ"**

**केशको बिबरण :-**

पर्बत जिल्ला स्थाई वतन भएका ४ जना युवाहरुलाई अमेरिका पुर्याउछु भनी बिगत १ बर्ष देखी बिभिन्न मुलुकहरु भिएतनाम, इथोपिया, नाडागास्कार, जोर्डन,दुबई र अजरबैजान हुदै अफ्रीकाको मलावी भन्ने मुलुकमा लगी बन्धक बनाएको भनी पिडीत युवाहरुका आफन्तहरुले यस व्युरोमा मिती २०७६/०७/२० गते जानकारी गराए पश्चात यस व्युरो द्वारा मालवी प्रहरी संग समन्वय गरी बन्धक रहेका नेपाली युवाहरू संग समेत संपर्क गरी २०७६/०७/२१ गते मालवी बाट दक्षीण दिशा तर्फ रहेको **Blantyre** शहर नजिकको गाउ बाट मलावीको **CID Police** ले ६ जना (४ जना पर्वत,१ जना दाङ र १ जना रुकुम) युवाहरुलाई उद्दार गर्नुका साथै उक्त स्थानमा बन्धक बनाउन संलग्न घर मालिक समेतलाई प्रकाउ गरी कानुनि कारबाही भईरहेको तथा उद्दार गरीएको मध्ये ४ जनालाई २०७६/०७/२५ गते **CID Police** मलावी तथा यस व्युरोको समन्वयमा नेपाल फिर्ता भइसकेको र बाकी २ जना आउने क्रममा रहेको । मानव तस्कर गिरोहले अजरबैजान लाने क्रममा नेपालबाट भिएतनाम लगी त्यहा २० दिन, इथोपियामा ४ महिना, नाडागास्कारमा २५ दिन, जोर्डनमा १ महिना, दुबईमा ४५ दिन र अजरबैजानमा २० दिन राखी अफ्रीकाको मलावी भन्ने मुलुकमा लगी बन्धक बनाएको भन्ने खुल्न आएको छ। यसरी मानव ओसारपसार तथा बन्धक बनाउने अन्तर्राष्ट्रिय स्तरमा संलग्न गिरोहको मालवी प्रहरी तथा यस व्युरो बाट समेत अनुसन्धान भैरहेको जानकारी गराईन्छ ।

**पक्राउ अभियुक्तहरूको विवरण**

१) **नाम :- Nazir Ahamad**
ठेगाना :- **Malawian Of Indian Origin**

**कानुनी प्रावधान**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार अनुसन्धान र कार्वाहि हुने।

**थप जानकारीको लागी**

प्रवक्ता / सूचना अधिकारी : प्र.उ. गोविन्द थपलिया: (९८५१२८०१११)

# Route from Nepal to malawi

